# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी प्रहलाद प्रसाद वर्णवालसमेत रहेको गैरकानूनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला बारा, कलैया उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत प्रहलाद प्रसाद वर्णवाल समेतका प्रतिवादीहरु उपर जिल्ला बारा, कलैया उपमहानगरपालिकाको कार्यालयले आ.व २०७७।७८ मा सेनिटरी प्याड खरिदमा मिलेमतो गरी सेनिटरी प्याडको अस्वभाविक मूल्यको लागत इस्टिमेट तयार गरी गराई गैरकानूनी लाभ लिने दिने बदनियतले बढी मूल्यमा खरिद गरी भुक्तानीसमेत गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरमा बिगो रु.५१,९९,१२०।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।०४।२७ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।०८।२८ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी